कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष २ अंक ८६ ने. सं. ११३३ चिल्लाथ्व पुन्हि बुधवाः २०६९ चैत्र १४ गते बुधवार (Mar - 27, 2013) मुल्य : ५/- (न्यातका)

## फेरी हुने संविधानसभा चुनावको टुंगो नलागेतापनि उम्मेदवारको चर्चा

# कीर्तिपुरमा क कस्को संभावना ?

***कीर्तिपुर सन्देश***

नयाँ संविधान निर्माणका लागि गर्ने भनी सरकारले चुनाव गर्ने तयारी गरि रहेको र चुनाव हुने या नहुने भन्ने विषययमा टुंगो नलागेतापनि कीर्तिपुर मा भने चुनावमा उठ्ने स्थानीय नेताहरूको चर्चा हुन थालेका छन्।

यस पटक हुने संविधानसभाको चुनावमा एमाओवादीका अध्यक्ष प्रचण्ड १० नं क्षेत्र अर्थात कीर्तिपुर क्षेत्रवाट नउठ्ने पक्का भएपछि सो पार्टी भित्र पनि सम्भावित उम्मेदवारको विषयमा चर्चा हुन थालेको छ।

एमाओवादीको काठमाण्डौं उपत्यका भित्रका निर्वाचन क्षेत्रहरू मध्ये सबैभन्दा सांगठनिक रुपमा बलियो मानेका कारण केन्द्रीय स्तरका नेताहरू पनि चुनावमा उठ्ने संभावना पनि नभएको होइन । यदि केन्द्रीय स्तरकै नेता कीर्तिपुरवाट उठ्ने भए उपाध्यक्ष नारायणकाजी श्रेष्ठ प्रकासको संभावना रहेको वताइएको छ । तैपनि कीर्तिपुर का कार्यकर्ताहरूले स्थानीयवासीलाई नै उम्मेदवार दिनुपर्ने कुरालाई लिएर लविङ समेत गर्न थालेका छन्। चुनाव घोषणा नभएतापनि संविधानसभा चुनावका लागि यस्तो प्रकारवाट उम्मेदवारको चर्चा भइर हेको अवस्था छ।

एकीकृत नेकपा (माओवादी)वाट दिलिप महर्जन अथवा पञ्चलाल महर्जन को नाम चर्चामा आएको छ । दिलिप महर्जन कीर्तिपुर पाँगाका स्थानीयवासी हुन भने पञ्चलाल महर्जन कीर्तिपुरको चोभारवासी हुन । नेपाली कांग्रेसवाट राजन केसी अथवा घनश्याम गिरी चर्चामा आएको छ। केसी चोभारवासी हुन भने गिरी थानकोटका स्थानीयवासी हुन्। नेकपा (एमाले)को तर्फवाट सानु श्रेष्ठ र हिराकाजी महर्जन चर्चामा आएको छ । श्रेष्ठ मच्छेगाउँका स्थानीयवासी हुन् भने महर्जन कीर्तिपुर को थाहांबहाल निवासी हुन्। त्यसै गरि संविधानसभाको चुनाव नै हुने भए संघीय समाजवादी पार्टीको तर्फवाट कस्लाइ उम्मेदवार बनाउने भन्ने विषय पार्टीभित्र छलफल भइरहेको थाहा भएको छ । त्यसै गरि नेपाल मजदुर किसान पार्टीको तर्फवाट नारायण महर्जन, नेपाः राष्ट्रिय पार्टीको तर्फवाट कृष्णहरी महर्जनको नाम चर्चामा आएको छ। नारायण महर्जन र कृष्णहरी महर्जन दुबै पाँगावासी हुन्।

## कीर्तिपुरमा बैद्य माओवादीद्वारा बहिस्कारको आन्तरिक तयारी

आउँदो असार ७ गते गर्ने भनी तयारी भइरहेको संविधानसभा चुनावको बहिस्कारमा लागेको मोहन बैद्यले नेतृत्व गरेको नेकपा–माओवादीले कीर्तिपुरमा चुनाव बहिस्कारका लागि आन्तरिक तयारी गरिरहेको अवस्था छ।

सो पार्टीले चार राजनीतिक दलहरूले गरेको २५ बुँदे संविधान संशोधनलाई खारेज गर्नुपर्ने माग गर्दै चुनाव बहिस्कार गर्ने घोषणा गर्दै जुनसुकै हालतमा चुनाव बहिस्कार गर्न कार्यकर्ताहरूलाई निर्देशन समेत दिइसकेको अवस्था छ। उपत्यका बहिर जस्तो अहिले नै निर्वाचन आयोगको गतिविधीमा समेत प्रत्यक्ष रुपमा अवरोध गर्ने अवस्था नरहेतापनि विभिन्न किसिमका अभियानहरू समेत संचालन गर्ने तयारीमा सो पार्टीका स्थानीय नेताहरू क्रियाशिल भएका छन् । निकट भविश्यमा नै चुनाव बहिस्कारका लागि कीर्तिपुरमा नेकपा–माओवादीले अन्तर्क्रियात्मक कार्यक्रम गर्न लागेको थाहा भएको छ। यसै वीच निर्वाचनका लागि कीर्तिपुरमा मतदाता नामावली संकलन गर्ने कार्यपनि तिब्र रुपमा भइरहेको छ।

यहाँ जाँड-रक्सी, चुरोट, गाँजा तथा ड्र्गसको कुलत छुटाउने विशुद्ध जडिबुटी पाईन्छ। सम्पर्कः– फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग, फोन ४३३६७०१,९८०३५०२२५९

लोड सेडिङ NO चिन्ता



इर्न्भटर



ब्याट्री

किस्ताबन्दीमा पनि उपलब्ध

होलसेल मूल्यमा


जेनेरेटर

दर्शन मोवि केयर प्रा. लि.

नयाँबजार, कीर्तिपुर, फोन : ४३३६७७६

Kipu Laxmi Mobile Traders

SAMSUNG

Karbonn Mobiles

micromax nothing like anything

fly

**Deals in: All Kinds of Branded mobile for Wholesale N Retailer**

**X-Change Offer Till 31st March**

**N**

**Opening Discount up to 15%**

Naya Bazzar, Kirtipur-3

contact -01-4330271, 9818787843

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक/प्रवन्ध सम्पादक
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ □२०६७□०६८

## सम्पादकीय

# संविधान बनाउनका लागि हो कि बहुमत ल्याउनका लागि ?

**संविधानसभाको चुनावका लागि मूल रुपमा एकीकृत माओवादी, कांग्रेस र एमालेले आ–आफ्नै तयारीमा लागेका छन् ।**

**विशेष गरि ती तिनै वटा पार्टीले आफू आफूको बहुमत आउने आशामा चुनावका लागि तयारी गरेका हुन् । कांग्रेस अहिलेको अवस्थामा एकीकृत माओवादी विभाजन भएको मौकामा नै अफूहरुले बहुमत ल्याउन सक्ने भएकोले चुनावमा होमिएको हो । कांग्रेसका नेताहरुले आफ्नो पार्टीको बहुमत नआए फेरी पनि संविधान निर्माण हुन नसक्ने सार्वजनिक रुपमै भाषण गर्दै हिडेका छन् ।**

**त्यसै गरि एमालेका नेताहरुले पनि आफूहरुको बहुमत आउने दावी गर्दै चुनावको तयारीमा लागेको र एमाओवादीका नेताहरु पनि आफूहरुकै बहुमत आउने दावी गर्दै चुनावको तयारीमा लागेका छन् ।**

**जसरी भएपनि चुनाव गर्ने तयारीमा प्रमुख दलहरु लाग्ने क्रममा आफूहरुकै बहुमत आउने र आफ्नो पार्टीको बहुमत नआए पुनः संविधान बन्न नसकिने दावी गर्नुको अर्थ कतै अन्य पार्टीलाई अप्रत्यक्ष रुपमा स्वीकार गर्न नसक्नु त हैन भनी प्रश्न उठ्न थालेका छन् ।**

**अतः अव दलका नेताहरु संविधान निर्माणको नाममा चुनावमा जानुको अर्थ कतै आफूहरुको बहुमत आए मात्र सबै समस्या समाधान हुने र अरुले नगर्ने दबी गर्दै हिड्नुको अर्थ संविधान निर्माणका लागि दलहरु चुनावमा जाने भन्नुको अर्थ कतै संविधान बनाउन हैन भनी बुझ्नुपर्ने अवस्था आएको छ ।**

# ‘गजल सौरभ शाक्यया’

गजल–८ (डिसेम्बर १४ २०१२)

दुःखय् नं न्हिलाब्यू, ऐ जिन्दगी !
ख्वबिया नं मू तयाब्यू ऐ जिन्दगी !!

नुगः चकंका उलाब्यू, ऐ जिन्दगी !
थःत जूगु धयाब्यू, ऐ जिन्दगी !!

खःगु खँ सुइतं कनाब्यू, ऐ जिन्दगी !
[redacted] आगं प्वलाब्यू, [redacted]

[redacted] ल्वयाब्यू, [redacted]
[redacted] ह्याब्यू, [redacted]

[redacted] ज्या ख्यलाब्यू, [redacted]
[redacted] वनाब्यू, [redacted]

# नेपालभाषा आन्दोलन

सानुराजा शाक्य

**(नेपालभाषा आन्दोलनया बारे सानुराजा शाक्यया ने.सं. ११३१ बछलागा पिदंगु सफू ‘नेपालभाषा आन्दोलन’ सिइकेत भ्रीसँ ब्वने हे माःगु तायेका व सफुतिं ल्हययाः कयागु खः -सम्पादक)**

### उच्चशिक्षाय् नेपालभाषा

ने.सं.१०८० दँय् नेपालभाषा मूल विषय कथं त्रि.वि.या मानविकी तथा सामाजिक शास्त्र संकाय् व मातृभाषा (Vernacular) कथं विविध (विज्ञान, वाणिज्य) संकायय् इण्टरमेडियट तगिनय् दुथ्यात । तर राष्ट्रिय शिक्षा योजनाया न्हूगु पद्धतिं थी थी संकायय् ब्वंकीगु मातृभाषा विषययात लिकयाः बिल । ने.सं.१०८२ दँय् मूल विषय नेपालभाषा कयाः आइ.ए. पासजूपिं दय्वं व हे दँय् बी.ए. तगिनय् नं मूल विषय कथं ब्वंकेगु शुरु जुल । तर नेपालभाषा एम.ए. तगिंया नियमित कक्षा धाःसा ११०१ निसें जक शुरु जुल । नेपालभाषाया एम.ए. कक्षा संचालनयात कयाः नेपालभाषा विभागीय प्रमुख डा. सुन्दर कृष्णा जोशीया अनुभव थुकथं दु “.... नेपालभाषाया एम.ए. चाय्केगु तस्सकं लिपा लाःगु खँय् बः बियाः डीन कार्यालययात पौ च्वयाः । व प्रस्तावयात कयाः मानविकी डीन डा. पार्थिवेश्वर प्रसाद तिमिल्सिनाया अध्यक्षताय् च्वंगु विद्या परिषदया बैठकय् सल्लासाहुति जुल । अन जिगु मुख्य जिकिर हिन्दी, मैथिलीयात त्रि.विं वेवास्ता याःसा भारतया विभिन्न विश्वविद्यालयय् तःजिक ब्वनेगु व्यवस्था जुयाच्वंगु दु, छुं स्यनी मखु ।... थःगु हे लिपि व यक्व न्ह्यःनिसेंया साहित्यिक परम्परा दुगु भाय् नेपालभाषा थन त्वःता गन स्व वनेगु । विदेशी विद्वानत थन वया अध्ययन अनुसन्धान यानाच्वन । नेपालभाषाया व्यवस्था त्रि.वि. मजुसा गन जुइ ? .... ने.सं.१०८४ निसें नेपालभाषा कयाः बी.ए.पास जुइ धुंकूपिं एम.ए. नेपालभाषा हे धकाः पियाच्वंपिन्त हानं ब्वनेगु मौका बीमाः लाकी म्वाः ? थुपिं न्ह्यसःया लिसलय् विद्या परिषदया सभां सर्वसम्मतिं लिसः बिल-माः”। विद्या परिषदया निर्णयकथं १०९७ निसें शोध प्रवन्ध च्वयाः डिग्री (Degree by Desertation) बीगु शुरुवात यात । थुकिया प्यदँ लिपा ११०१ निसें नेपालभाषाया एम.ए. तगिंया नियमित कक्षा शुरु जुल ।

नेपालभाषा एम.ए. तहयात स्यंकेत सरकारं सरकारय् जागीर नय्त व बढुवा निति मान्यता मदैगु निर्णय ने.सं.११०५ चौलागा ९ खुन्हु यात । सरकारया थ्व निर्णयया कारणं नेपालभाषा एम.ए. तगिं बृत्ति विकासया निंतिं ज्या मवइगु जुल । अले नेपालभाषा एम.ए. ब्वनाच्वंपिं यक्व विद्यार्थीत पाः जुयावन । माध्यमिक तगिंनय् पूर्वीय भाषा नेपालभाषा लिकयाः नेपालभाषाया शिक्षण ख्यलय् जूगु स्यंका बिल, मेखे एम.ए. तगिंया सेवा आयोगं बिया वयाच्वंगु सहुलियत लिकयाः बिल । थुकथं पंचायती व्यवस्थाय् नेपालभाषाया तःखाछें स्यंकेगु कुतः मतिकुरातसें याःसेंलि नेवाः समाजय् भाषिक चेतनाया गुगु लहर न्ह्यानाच्वंगु खः व छ्वासुया वन, । थ्व व्यवस्थाया सुधार प्रजातन्त्र वय्धुंकाः लिपा ने.सं.१११३ दँय् तिनि जुल । १११३ या पुष १३ खुन्हु सामान्य प्रशासन मन्त्रालयं गजेटय् ‘रा.प.तृतीय निसें प्रथम थ्यंक जागीर नय्त व प्रमोशन काय्त योग्यताय् मान्यता दुगु शिक्षण संस्था कला (आर्टस्), संस्कृत, व्यवस्थापन, बाणिज्य शास्त्र ... स्नातकोतर याना अनुभव दुम्ह जुइमाः धकाः सूचं पिकाल । लोकसेवा आयोगं नेपालभाषा एम.ए.या मान्यता लिकाबलय् लिकाःगुया प्रचार व्यापक रुपं जुल, तर १११३ दँय् लितवःगु खँया छतिं प्रचार मजू । उकिं हे जुइ नेवाः देय् दबू नं नेपालभाषा एम.ए. तहयात मान्यता बीत सामान्य प्रशासन मन्त्रीयाथाय् १११६ तछलाथ्व ४ खुन्हु प्रतिनिधिमण्डल वनाः माग याःगु खः । नेपालभाषायात मान्यता मबीगु वि.सं.२०४२ सालय् याःगु उगु परिपत्रयात रद्द यानाः नेपालभाषा एम.ए तहयात मान्यता बीगु खँ मन्त्रीं नं बचं बिउगु खनेदत । मान्यता दय्धुंकूगु खँया प्रचार मजूगुलिं नेपालभाषाया सभा सम्मेलनय् विरोध प्वंकेगु ज्या लिपा तकं जुयाच्वन ।

### अनौपचारिक

विद्यालय व विश्वविद्यालयय् तगिंमय् नेपालभाषा ब्वंकेगु अभियानया अलावा नेपालभाषा आन्दोलनय् नेपालभाषा मसःपिन्त नेपालभाषा ब्वंकेगु अनौपचारिक अभियान नं न्ह्याः । विशेषयानाः यैँया नेपाल लिपि गुथि व यलया थपु गुथिपाखें नेपाल लिपि स्यनेगुया भ्वलय् नेपालभाषा ब्वंकेगु ज्यायात नं आन्दोलनकथं हे न्हयाकूगु खनेदु । लिपा नेवाः देय् दबू स्वने धुंकाः स्वनिगलं पिने नेपालभाषाया अनौपचारिक शिक्षाया माग यक्व जुल । थुगु ज्याय् नं नेवाः देय् दबूनं नेपाल लिपि गुथिनाप सहकार्य यानाः स्वनिगः पिने व भारतया सिक्किमय् तक नेपालभाषाया कक्षा संचालन यानाः नेवाः भाय् ल्वमनेधुंकूपिं नेवाःतय्त नेपालभाषा स्यनेगु अभियान न्ह्याकावयाच्वंगु दु । ने.सं.११२० या श्रीपंचमी खुन्हु सिक्किमया प्रधान (नेवाः)तय्गु निंतिं छगू ल्वःममनीगु दिं जुयाब्यूगु दु । थ्व कुन्हु अन छगू स्कूल चाल । नेवाः भाय् व संस्कृति स्यनीगु विस्कं स्कूल । स्कूलया नां ‘नेवाः भाषा व संस्कृति विद्यालय’ खः । ... फिसलय् नं स्वां ह्वय्के फै धैगु विश्वासं सिक्किमय् नेवाः गुथिं थ्व स्कूल स्वनेगु साहसिक ज्या याःगु खः । थुगु ज्यायात नेवाः देय् दबुलिं माःगु तिबः व हःपाः बिल । स्वनिगलं पिने नेपालभाषा व लिपि स्यनेगु ज्याय् नेवाः देय् दबूपाखें विशेष संयोजनया ज्या यात । त्रिशुलीया बटारय् देय् दबूपाखें नेवाः भाय् व लिपि, झीगु समाज धरानया इनापकथं नेपाल लिपि गुथि, नेपालभाषा मिसा खलः व मध्यपुर कला परिषदया ग्वाहालि कयाः नेवाः रितिथिति, भाषा व लिपि स्यने ज्या जुल ।

### नेवाः आन्दोलनय् मिसात

नेवाःतय्गु सांस्कृतिक नखःचखः व संस्कारय् नेवाः मिसातय्गु थाय यक्व दु । नेवाः आन्दोलनय् नं नेवाः मिसातसें गुज्वःगु भूमिका म्हितल धैगु खँ महत्वपूर्ण जू । नेवाः आन्दोलनयात सुथां लाकेत नेवाः मिसातय्गु नं उतिकं हे योगदान दय्माः । नेपाःया राजनैतिक आन्दोलनय् दुथ्याःपिं मिसात मध्ये दकलय् न्ह्यःने नेवाः मिस्त हे खः । मोतिदेवी, साधना प्रधान, सहाना प्रधान व मंगलादेवी सिं, कामाक्षादेवी, सिलु सिं, शान्ता श्रेष्ठया नां नेपाःया राजनैतिक इतिहासय् न्ह्यःने लाःपिं मिसातकथं काः । वय्कःपिं फुक्कं नेवाः मिसात खः । तर वय्कःपिनि नेवाः आन्दोलनलिसे तप्यंक स्वानाच्वंगु खनेमदु ।

नेवाः आन्दोलनय् नेवाः मिसातय्गु संगठीत पलाः वि.सं. २०२२ सालया नेपालभाषा आन्दोलनय् जक खनेदत । नेपालभाषाया समाचार १०८५ बैशाख १ गतेनिसें रेडियो नेपालं लिकयाः ब्याक्कं नेवाःतय्गु नुगलय् विद्रोहया मि थनाबिल । थ्वहे विद्रोहया भ्वलय् उगु ईया छपुचः मय्जुपिंसं सरकारं भाषाप्रति याना हयाच्वंगु दमनया विरोधय् ‘झी सकलें’ नामं छपुचः मिसातय्गु संस्था स्वनाः विशेष मिस्तय्त सचेत व जागरण याय्त महत्वपूर्ण ज्या याःगु दु । उगु ईया कजिपिं लिसे जानाः न्ह्याथाय् नं वनेगु ज्या न्ह्याकल । नेवाःतसें याःगु विद्रोहयात तिबः बियाः जनभावनायात थुइकाः ‘झी सकलें’ मिसा पुचलं उगु ईयात माःकथंया ज्या यायां ‘सिनाज्या’ पौ निगूगु ल्याःतक पिथन । उगु पुचलय् नकिं तारकेशरी तुलाधर, न्वकू शारदादेवी महर्जन, छ्याञ्जे सुवर्णकेशरी तुलाधर, दाँभरिं निला बज्राचार्य, दुजः माधुरी मानन्धर व इरा बज्राचार्यपिं च्वना नेवाः आन्दोलनया दकलय् न्हापांगु मिसा पुचः निस्वंगु खः । थ्व पुचलं ने.सं.१०८५ दँया आन्दोलनया भ्वलय् मिसातजक जानाः साहित्य सम्मेलन नं यात । थुकथं नेपालभाषा साहित्य ख्यलय् क्रूर पञ्चायत शासनया पंगः चीकेगु कुतलय् पिदंगु ‘सिनाज्या’ नेपालभाषा साहित्य ख्यःया छगू विद्रोहया नमूना सः जुया थ्वयाच्वंगु दु ।

नेवाः आन्दोलनय् नेवाः मिसातय्सं लिपा नं थःगु विस्कं म्हसीका न्ह्यब्वयावःगु खनेदु । ने.सं.१११० दँधुंकाः जूगु नेवाः आन्दोलनय् नेवाः मिसातय्गु संगठन नेपालभाषा मिसा खलः सक्रिय जूगु खनेदु । अनिवार्य संस्कृत विरोधी आन्दोलनय् नेपालभाषा मिसा खलः नं सक्रिय जुल । रेडियो नेपालं नेपाःया मेमेगु मातृभाषां स्वयाः संस्कृतभाषं नि समाचार ब्यूगुया विरोधय् दंगु नेवाः आन्दोलनय् नं नेपालभाषा मिसा खलकं वक्तव्य व थी थी ज्याभ्वलय् सहभागिता क्यन ।

यैँ महानगरपालिका व स्थानीय निकायय् नेपालभाषा छ्यले मदैगु सर्वोच्च अदालतया अन्तरिम आदेश व निर्णयया विरोधय् दंगु नेवाः आन्दोलनया भ्वलय् जूगु हाकुन्हि, नेपाःगाः बन्द व मसाल जुलुस आदि फुक्क ज्याभ्वलय् नेपालभाषा मिसा खलकं सक्रियतापूर्वक ब्वति काल । लिपा वयाः ने.सं.११२६ दँय् जूगु लोकतान्त्रिक आन्दोलनय् नेपालभाषा मिसाखलः व लोकतान्त्रिक नेवाः मिसा संघर्ष समितिं सुकुन्दाऱ्याली यानाः आन्दोलन यात । लोकतान्त्रिक नेवाः संघर्ष समितिं यानाच्वंगु आन्दोलनयात तिबः बीत नेवाः मिस्त जक जानाः लोकतान्त्रिक नेवाः मिसा संघर्ष समिति स्वंगु खः । कथहं ....

# कीर्तिपुरमा महिला हिंसा सम्बन्धी गोष्ठी




१०३ औं अन्तरराष्ट्रिय नारी दिवसको उपलक्ष्यमा नेपाल मानव अधिकार संगठन कीर्तिपुर शाखाको आयोजना र कीर्तिपुर बहुउद्देस्यीय सहकारीको प्रायोजनमा गत चैत ९ गते कीर्तिपुर पार्टी प्यालेसमा "कीर्तिपुरमा हिंसारहित समाजको सिर्जनाका लागि महिलाको भूमिका"बारे एक गोष्ठीको आयोजना गरियो।

नेपाल मानव अधिकार संगठन कीर्तिपुर शाखाका सभापति नानी शोभा महर्जन शाक्यको सभापतित्वमा भएको उक्त छलफल कार्यक्रमको प्रमुख अतिथि नेपाल मानव अधिकार संगठनका केन्द्रिय सभापति सुदिप पाठक हुनुहुन्थ्यो। कीर्तिपुर शाखाका उपसभापति रचना श्रेष्ठद्वारा संचालित उक्त कार्यक्रममा कीर्तिपुर शाखाका सचिव बच्चुराम दाहालले स्वागत मन्तव्य राख्नु भएको थियो । अन्य अतिथिहरूमा प्रहरी प्रभाग कीर्तिपुरका निरीक्षक ज्ञानकुमार महतो र कीर्तिपुर बहुउद्देस्यीय सहकारीका अध्यक्ष रमेश महर्जन हुनुहुन्थ्यो । कार्यक्रमको शुरुमा बोक्सि सम्बन्धि एउटा भिडिओ पनि देखाएको थियो । उक्त भिडिओ हेरिसकेपछि प्रा.डा. शिवशरणले बोक्सी भनेको अन्धविश्वास हो । यदि कसैले बोक्सिको सत्य तथ्य प्रमाणित गरी दिन सक्छ भने रु.पचास हजार इनाम दिने घोषणा गर्नुभयो । कीर्तिपुर बहुउद्देश्यीय सहकारीका अध्यक्ष रमेश महर्जनले आर्थिक सामाजिक रुपान्तरणको लागि महिलाको ठूलो भूमिका रहने बताउनु भयो। महिलालाई शोषण, हिंसाबाट मुक्ति दिलाउन आर्थिक रुपमा पनि सबल हुनुपर्ने बताउनु भयो।

कीर्तिपुर प्रहरी प्रभाग प्रमुख ज्ञानकुमार महतोले महिला हिंसा विरुद्ध लड्न प्रहरीले हरतरहले सहयोग गरीरहेको बताउनु हुँदै कुनै प्रकारको हिंसाको बारेमा महिलाहरू सजग हुनुपर्छ। कुनै घटना घट्ने बित्तिक्कै प्रहरीमा जाहेरी दिन र प्रहरीको सहयोग माग्न आएमा कुनै पनि समय सहयोग गर्न आफूहरू तयार रहेको बताउनु भयो । प्रमुख अतिथि सुदिप पाठकले महिला हक अधिकार सुनिश्चित गर्न महिलाको कर्तव्य बारे जानकारी दिनु भएको थियो। सभाको अन्तमा सभापतित्व गरिरहनु भएकी नानी शोभा महर्जनले महिला हिंसा अन्त्यको महत्व र आवश्यकताको सचेतना जगाउनुको साथै महिलाले महिलालाई आदर, सम्मान, माया गर्न सिक्ने र सके सहयोग गर्ने नसके दुःख नदिने, महिलालाई महिला अधिकार बारे चेतना जगाउनुको साथै महिलाहरू पुरुष सरह समाजमा सम्मानित, मर्यादित रुपले जीवन जिउन सकुन र हिंसा भुक्त भई आफ्नो हक अधिकारको निर्वाध रुपले प्रयोग गर्न सकून भन्ने जानकारी दिएर घर समाजमा महिला तथा किशोरीमा हुने हिंसा अन्याय, अत्याचार हुने कारण पत्ता लगाउन महिलालाई सचेतना जगाउन यो छलफलको कार्यक्रम चलाएको बताउनु भयो । घर समाजमा महिलालाई हेर्ने दृष्टिकोण, सकारात्मक सोचको विकास र लोभ, मोह, क्रोध, नगरे घर परिवार समाज हुन्छ। घर शान्ति नै व्यक्ति परिवार समाज शान्तिको आधार हो भन्नु भयो।

# मङ्गल बहुमुखी क्याम्पसलाई सवलिकरण गर्न सामुदायिक भेला



कीर्तिपुर नयाँबजारस्थित मङ्गल बहुमुखी क्याम्पसलाई सवलिकरण गर्न गत चैत्र ७ गते क्याम्पस प्रागणमा एक भेलाको आयोजना गरियो। सामुदायिक क्याम्पसको रुपमा स्थापित मङ्गल बहुमुखी क्याम्पसलाई कसरी संचालन गर्ने भन्ने बारे छलफल भएको थियो। विगत ६ वर्षदेखि प्रा.डा. शिवशरण महर्जनको अध्यक्षतामा व्यवस्थापन समिति गठन भइ संचालन हुँदै आइरहेको थियो। अब नयाँ व्यवस्थापन समिति निर्माण कसरी गर्ने भन्ने बारे पनि व्यापक छलफल भएको थियो । सिमित व्यक्तिहरूको घेरामा मात्र क्याम्पसलाई सिमित राख्न नहुने बताउँदै व्यापक बनाउन उक्त भेला बोलाएको अध्यक्ष प्रा.डा. शिवशरण महर्जनले जानकारी दिनुभयो।

उक्त कार्यक्रममा प्रा.डा.श्रीकृष्ण श्रेष्ठ, प्रा.डा. लेखनाथ बेलबासे, प्रा.डा. हरि महर्जन, त्रि.वि. शिक्षा संकायका सहायक डीन डा.चित्रवहादुर बुढाथोकी, प्रा.डा. श्यामकृष्ण महर्जन, डा. अजय सिंह, पुर्व राज्यमन्त्री दिलिप महर्जन लगायत कीर्तिपुर क्षेत्रका शिक्षाविद, समाजसेवी, शिक्षा प्रेमी गरी ४५ जनाको उपस्थित रहेको उक्त भेलामा मङ्गल बहुमुखी क्याम्पसलाई ट्रस्टको रुपमा विकास गर्ने कि सदस्यता वितरण गरी समुदायलाई जिम्मा दिने विषयमा व्यापक छलफल भएपछि क्याम्पस संचालन गर्न क्याम्पस सदस्य सभा गठन गर्ने, सो सभाको साधारण सभा द्वारा क्याम्पस व्यवस्थापन समिति गठन गर्ने निर्णय भयो।

क्याम्पस संचालन गर्न विधानको निर्माण गर्नु पर्ने भएकोले १५ दिनभित्र राय सल्लाह गरी विधान तयार पार्न विधान निर्माण समिति बनाउने निर्णय भयो । उक्त विधान समितिमा धन कृष्ण महर्जन, डा. चन्द्रमान बज्राचार्य र सुरेन्द्र मानन्धरलाई जिम्मा दिइएको थियो। उक्त समतिले क्याम्पस संचालन गर्न सदस्यता कसरी वितरण गर्ने, सदस्यको योग्यता, उमेर, शैक्षिक योग्यता र शुल्कको बारे सुझाव दिइने छ।

उक्त समितिको प्रतिवेदन प्राप्त भएपछि बृहत भेला बोलाई विधान पारित भएपछि सदस्यता बनाएर छ महिनाभित्र साधारण सभा गरी क्याम्पस व्यवस्थापन समिति निर्माण गर्ने छ।


## "Strive Towards Quality Education"

Rarahil Memorial School

Kirtipur, Kathmandu

**ADMISSION OPEN**

For the Academic Session 2070

Play Group to Grade VIII

Admission Forms are being distributed

Limited Seats are available

**Our Salient Features:**

- 100% SLC Result with distinctions
- Well-equipped science labs
- Computer lab with required no. of computers
- Internet facility
- Well-furnished hostel and canteen with homely environment
- Spacious class rooms and play grounds
- Homely school environment
- Experienced Teachers
- Music, dance, sports and field trips etc.
- Boarder, day-boarder and day-scholars
- Admission on basis of merit
- Grade teaching at primary level
- Vocational skill promotion unit
- Health care and service unit
- Art and sculpture promotion unit

For further details:4-3301231, 4-331249, 4-332553



## खुल्यो ! खुल्यो !! खुल्यो !!!

अनुभवी व्यवस्थापकको साथमा Kirtipur Garden Restaurant बाघ भैरव बोर्डिंग स्कूलसँगै खुल्यो । छिटो, मीठो, सस्तो र शान्त वातावरण बगैचामा हामीलाई सेवा गर्ने मौका दिनुहोस् । हामीकहाँ Momo, Sausage, Chowmin, Chicken Chilly, Sekuwa र १० देखि २०० जनासम्मको लागि कुनै पनि पार्टी गर्नु परेमा हामी उचित मूल्यमा सेवा गर्ने छौं ॥

**Kirtipur Garden Restaurant**

नयाँबजार पाँगा रोड, कीर्तिपुर-१७

फोन नं. ९८०८३२०८५६, ९८४१५०३३४६, ९८०८२१२०२७

# थ्रीस्टार क्लब ए डिभिजन लिगको उपाधि नजिक



**नवीन महर्जन**

दशरथ रंगशालामा संचालन भैरहेको शहिद स्मारक रेडबुल ए डिभिजन लिगको सुपर एट खेलमा उत्कृष्ट खेल देखाउँदा लिग लिडर थ्रीस्टार क्लब उपाधि नजिक पुगेको छ ।

हालसम्म सम्पन्न २० खेलको नतीजासम्म आईपुग्दा थ्रीस्टारले खेलेको २० खेलमध्ये १३ मा जित, ३ माबराबर र ४ खेलमा हार व्यहोर्दै कुल ४२ अंक लिंदै अग्रस्थानमा रहेको छ । गत चैत्र १० गते सम्पन्न आर सीटी सँगको खेलमा लिग लिडर थ्रीस्टार क्लबले पहिलाको हार को बदला लिंदै २-० गोलले जीत हासिल गर्दै उपाधि नजिक पुगेको हो । उक्त खेलमा थ्रीस्टारको तर्फबाट विजय गुरुङ र एडेउमी फ्रेमीले गरेका थिए ।

त्यसैगरी सोहि दिन मनाङ र मछिन्द्र क्लबको खेलमा मनाङ मर्स्याङदी क्लबले ३-०को सहज जित हासिल गर्दै कुल ३७ अंकको साथ लिगको दोस्रो स्थानमा रहेको छ । मनाङको तर्फबाट कप्तान अनिल गुरुङले १ तथा सजियो सिकेले २ गोल गरेका थिए ।

गत चैत्र ११ गते एनआरटी विरुद्ध नेपाल आर्मीको खेल सम्पन्न भएको थियो । जसमा नेपाल आर्मीले एनआरटीलाई २-० गोलले पराजित गरेको थियो । त्यसैगरी उक्त दिन दोस्रो खेल फ्रेन्डस क्लब र नेपाल पुलिस विच सम्पन्न भएको थियो । यी दुई क्लबले २-२ गोल गरी बराबरी खेल खेलेका छन ।

यस लिग अन्तर्गत थ्रीस्टार क्लबले लिग जित्न दुई खेलबाट ३ अंक चाहिएको छ  अर्थात कम्तिमा १ खेलको जित हासिल गर्न सकेमा थ्रीस्टारलाई कसैले उपाधिबाट विमूख गर्न सक्दैन । यदि यो नतिजा नभएमा थ्रीस्टार क्लबले मछिन्द्र र आर्मी विरुद्ध उक्त खेल खेल्न बाँकिरहेको अवस्था छ । व्यावहारिक रुपमा थ्रीस्टार क्लब अगाडि भएकोले उपाधि जित्ने कुरामा प्रशिक्षक प्रदीप हुमागाई ढुक्क रहेको छ । तर गणितीय हिसावमा एनआरटी र मनाङको आशा पनि जिवित रहेको छ ।

यसरी यस सहिद स्मारक रेडबुल ए डिभिजन लिगका बाँकिरहेका खेलहरू विशेषगरी थ्रीस्टार, एनआरटी र मनाङको लागि निकै महत्वपूर्ण रहेको छ ।

यूईएफए च्याम्पियनस लिग २०१२/०१३को क्वाटर फाइनल समिकरण पुरा भैसकेको छ । यसपाली इङ्गलैण्डको कुनै पनि क्लब क्वाटर फाईनलमा पुग्न असमर्थ रहेको छ । यस प्रतियोगिताको पहिलो क्वाटर स्पेनको मालागा र जर्मनीको ब्रर्सीया डार्मन्ड क्लब विच पहिलो लिग अप्रील २/३ त्यसैगरी दोस्रो लिग अप्रील ९/१० तारिखमा हुने भएको छ ।

त्यसैगरी दोस्रो क्वाटर फाइनल खेल रियल म्याड्रिड क्लब, स्पेन र टर्कीको गालातासा विच हुने भएको छ । तेस्रो क्वाटर फाईनल खेल फ्रान्सको पीएजी र स्पेनको वार्सिलोना क्लब विच पहिलो लिग अप्रील २३/२४ र दोस्रो लिग अप्रील ३०/मई १ तारिखमा हुने भएको छ ।

त्यसैगरी चौथो एवम् अन्तिम क्वाटर फाइनल खेल जर्मनीको क्लब बायनम्यूनीख र इटालीको युभेनटान विच हुने कार्यक्रम रहेको छ ।

यस प्रतियोगिताको सेमिफाइनल खेल पहिलो लिग २३/२४ अप्रील र दोस्रो लिग ३० अप्रील/ १ मई हुने कार्यक्रम रहेको छ ।

यसैगरी फाइनल खेल आउँदो मे २५ तारीख वेम्लीमा हुने कार्यक्रम रहेको छ ।

विश्वकप सम्पूर्ण फुटवल प्रेमीहरूलाई यस UEFA च्याम्पियन्सको प्रत्येक खेलको प्रतिक्षा रहेको हुन्छ ।

---

**नेपालभाषा बोल्न जान्ने पाठकहरूलाई नेपालभाषा लेख्न अप्ठ्यारो मानिरहेकोले व्याकरण सम्बन्धि ज्ञान हासिल गर्न चाहेकोले डा. तुयुवहादुर महर्जनद्वारा लिखित स्वाध्यायन नेपालभाषा पुस्तकबाट साभार गरी यहाँ प्रस्तुत गरिएको छ - संपादक**

**३ विशेषण**

**४.२ नाप तौल** अगिल्लो अंकबाट क्रमश

कु (हात)

कुछि/ छकु (एक हात), निकु (दुई हात), स्वकु (तीन हात)

कुनै निश्चित गणना नगरिकन पनि गणिन्छ, जस्तै –

| | |
|---|---|
| छम्हूचा बजि | एक मुट्ठी चिउरा) |
| छयो बजि | एक अँजुली चिउरा |
| छकय्का बजि | एक मुट्ठी चिउरा |
| छपासः बजि | दुई हातकै अञ्जुली |
| छकुचु बजि | एक चिम्टी चिउरा |
| निगःचा जाकि | अलिकति चामल |

यहाँ निगः र निगःचा मा केही फरक छ । निगः भनेको दुईवटा र निगःचा भनेको अलिकति हो ।

थें (जस्तै), सिकं (भन्दा) र दकलय् (सबैभन्दा)को प्रयोग

थ्व ला ताहाथें च्वं – यो त सर्पजस्तै छ ।

थ्व लः च्वापुथें ख्वाउँ -यो पानी हिउँजस्तो चिसो छ ।

व केरा चिनिथें चाकु- त्यो केरा चिनिजस्तै गुलियो छ ।

यसरी कुनै वस्तु अर्को कुनै वस्तुसँग समान छ भनेर देखाउँदा थें जस्तो राखिन्छ । यदि त्यो वस्तु अर्को वस्तुभन्दा बढी या घटी गुणको छ भने -सिकं (भन्दा) राखिन्छ । जस्तै – छसिकं जि बःला –  तिमीभन्दा म बलियो छु ।

सीतासिकं राधा बांलाः – सीताभन्दा राधा राम्री छिन् ।

कापःसिकं भ्वं बःमलाः र कपडाभन्दा कागज बलियो छैन ।

सिकं को समानान्तर शब्द स्वयाः पनि हो यसको खास अर्थ हेरेर हो तर यहाँ सिकं कै रुपमा प्रयोग गर्न सकिन्छ ।

छ स्वया जि बःलाः – तिमीभन्दा म बलियो छु ।

सीतास्वया राधा बांलाः – सीताभन्दा राधा राम्री छे ।

कापःस्वया भ्वं बःमलाः – कपडाभन्दा कागज बलियो छैन ।

भएभरको या त्यहाँ भएकामध्ये सबैभन्दा बढी या घटी गुणको भन्ने अर्थमा दकलय् राखिन्छ । जस्तैः- श्याम दकलय् बःला – श्याम सबैभन्दा बलियो छ ।

राधा दकलय् बांलाः - राधा सबैभन्दा राम्री छिन् ।

संसारय् दकलय् छ्वाःगु ला हीरा हे खः – संसारमा सबैभन्दा कडा त हीरा नै हो ।

क्रमश ....


**खुल्यो ! खुल्यो ! खुल्यो !**

**मिलन स्टुडियो**

डिजिटल फोटो प्रोसेस

(कलर ल्याब)

अमल्सि नयाँ बजार कीर्तिपुर, फोन नं. ४३३०१२४



**श्री न्यू राइज टेलर्स**को

शोरुम सहिद स्मारक कलेजको नयाँ भवन, नयाँ बजार मा सरेको छ ।

**प्रो. विष्णु कुमार महर्जन**

मो ९८०३४३२१९४



कुनै पनि राष्ट्रिय दैनिक पत्रपत्रिकामा वर्गीकृत तथा अन्य विज्ञापन गर्नु परेमा

**किपू वुक प्वाइण्ट**

**कीर्तिपुर, नयाँबजार–१७, फोन ४३३१७७५**



**नयाँ शो रूम खुल्यो**




CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सको अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं ।

युनिक टेलर्स

नयाँबजार, फोन ४३३१०७८



Cafe' de Kirtipur अब नयाँ व्यवस्थापनमा



Continental Food
Chinese Food
Indian Food

मासु/फोटोकपी/पानीपुरी पसल राख्न चाहनु हने महानुभावहरूले कृपया सम्पर्क राख्नु होला ।

**कीर्तिपुर मार्केट कम्प्लेक्स,**

नयाँबजार भाजंगल रोड फोन नं.४३३४१०९

## संविधानसभा विघटतको कारण संघीयता

**अव हुने भनिएको संविधानसभा चुनावको मूल एजेण्डा नै संघीयता हुने छ**

एक ढंगवाट आउँदो चुनाव संघीयताको सवालमा जनमत संग्रह हुदैछ। **अतः**

**संघीयताको विषमा खुल्ला बहस गर्नुपर्ने अवस्था आएको छ।**

**त्यसैल आउँदो हप्तादेखि संघीयताको सवालमा खुल्ला बहस स्तम्भ राख्ने कुरा जानकारी गराउन चाहन्छौं।**

सो स्तम्भको लागि तपाई आफ्नो धारणा पाठाउनु सक्नुहुनेछ। र हामी प्रकाशित गर्नेछौं

सम्पर्कः कीर्तिपुर सन्देश साप्ताहिक
कार्यालय निखासी टोलः कीर्तिपुर नपा-३
**फोन नं.: ४३३३००७, ९८४१४०१०७७**
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

साहित्य — कविता

## अब छिटो इन्साफ देउ



**राम महर्जन**
**की.न.पा. १६ नगाउँ**

कामरेडको दानपात्रमा गणतन्त्र कहाँ गयो
कोइरालाको दानपात्रमा प्रजातन्त्रले लुकामारी खेलियो
खनालको दानपात्रमा लोकतन्त्र नै हरायो
विजयको दानपात्रमा मधेस नै विलायो

बुद्धको दानपात्रमा शान्तिको सन्देश थियो नि
अरनीकोको दानपात्रमा नेपालको इज्जत थियो
सर्वोच्च शिखर हिमालले नेपाललाई चिनायो
पशुपंक्षीको दानपात्रमा दान दक्षिणा नै हरायो

विश्व जगतको सामु नेपाल द्वन्दमय भयो
स्वयम्भूको आँखामा नेपाल अन्धकारमय भयो
सार्क मुलुकमध्ये नेपाल गरीव मुलुक भयो
नेताहरूको स्वार्थमा देश दलदलमा जाकियो

आफ्नो भूभाग मात्र हराएन
राष्ट्रिय स्वाभिमानी पनि विलायो
नेपाल हाम्रो देश नै पर निर्भर भयो
निर्लज्जहरूको कामले नेपालीको शीर नै निहुरियो

चन्द्रकला रुँदै छिन छोरीलाई सम्झेर
छोरीहरू रुँदैछिन आमा छोरीमैंयालाई सम्झेर
अकुपाई वालुवाटार जिन्दावाद मुर्दावाद
नयाँ सरकार अब इन्साफ छिटो देऊ

## लायन्स क्लब डिस्ट्रिक्ट ३२५ एर को प्रथम अधिवेशन जनकपुरमा सम्पन्न




गत चैत्र १० गते लायन्स क्लब अफ जनकपुरको आतिथ्यमा जनकपुरमा लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ एर को प्रथम अधिवेशन सम्पन्न भयो। विहान जानकी मन्दिर परिसरबाट जनकपुरका विभिन्न सामाजिक संस्था, विद्यालय सम्मिलित ऱ्यालीले जनकपुर नगरपालिकाको मुख्य स्थानमा परिक्रमा गरी जनकपुर उद्योग वाणिज्य संघको सभाहलमा पुगी ऱ्याली समापन गरिएको थियो।

लायन्स क्लब इन्टरनेशनलका डाइरेक्टर लायन सुनिल वाटवालाको प्रमुख आतिथ्य र डिस्ट्रिक्ट गभर्नर बिजु बज्राचार्यको सभापतित्वमा उदघाटन सत्र सम्पन्न भएको थियो।

प्रमुख अतिथि लायन्स इन्टरनेशनलका डाइरेक्टर श्रीलंकन सुनिल वाटवालाले लायन्स क्लब मानविय सेवाको लागि गठन भएको सामाजिक संस्था भएकोले यस संस्थामा लाग्ने सदस्यहरूले कुनै आर्थिक भौतिक फाईदाको लागि सोच्न नहुने बताउँदै लायन्स क्लबमा लागेर मानविय सेवा गर्दा सामाजिक प्रतिष्ठा र मनको शान्ति मिल्ने मात्र हो। कुनै स्वार्थवश गरेको सेवा सेवा नभइ व्यापारमा परिणत हुने बताउनु भयो।

सेवा नै धर्म हो भन्ने मूल मन्त्रका साथ स्थापित लायन्स क्लब अन्तरराष्ट्रियको सिद्धान्त, मूल्य र मान्यतालाई आत्मसात गर्दै नेपालमा पनि लायन्स क्लबको गठन भएको बताउनु हुँदै सभापति बिजु बज्राचार्यले आजको अवस्थामा आइपुग्दा नेपालमा पनि लायन्स क्लब निकै लोकप्रिय भएर अहिले डिस्ट्रिक्ट ३२५ ए वान बाट ए टु पनि गठन भएर अहिले अधिवेशन गर्न पाउनु ठूलो कुरा हो। भविष्यमा पनि यस्तै राम्रो काम गरी शाखा बृद्धि गर्न सकोस भन्ने शुभकामना दिनुभयो।

सोही दिन भएको बन्द सत्रमा सचिव रुद्रहरी ज्ञवालीले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नु हुँदै क्लबमा अहिलेसम्म ९८ वटा क्लबमा २१६९ सदस्य संख्या पुगेको बताउनु भएको थियो। त्यस्तै कोषाध्यक्ष सुदर्शनधर प्रधानाङ्गले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो। जुन सर्वसम्मतबाट पारित गरिएको थियो।

सो बन्द सत्रले लायन शम्भु प्रसाद घिमिरेलाई डिस्ट्रिक्ट गभर्नर, लायन मधुकर कुमार उपाध्यायलाई फस्ट भाईस गभर्नर र लायन रुद्रहरि ज्ञवालीलाई सेकेन्ड भाईस गभर्नर शतप्रतिशत मतद्वारा निर्वाचित गरिएको थियो।

तपाईको
आफ्नै पत्रिका
**कीर्तिपुर सन्देश**
**साप्ताहि**

Education is key of knowledge
Admission Open
Kirtipur English Boarding High School
KEBS

प्ले ग्रुप नर्सरीदेखि कक्षा ९ सम्म धमाधम भर्ना लिइँदैछ।

**सुविधा तथा विषेशताहरू**

- मन्टेश्वरी विधिद्वारा अध्यापन गराईने।
- यातायातको व्यवस्था
- विभिन्न अतिरिक्त क्रियाकलाप तथा खेलकुद अन्तर्गत भलिबल, बास्केटबल, ब्याडमिन्टन, टि.टि, मार्सल आर्ट, योगा, नृत्य, संगीत, हाजिरीजवाफ, वक्तृत्वकला तथा चित्रकलाको व्यवस्था।
- Boarders तथा Day Boarders को राम्रो व्यवस्था
- SLC परीक्षमा उत्कृष्टसहित १००%प्रथम श्रेणीमा उत्तीर्ण
- अनुभवी तथा तालिमप्राप्त शिक्षक/शिक्षकाद्वारा अध्यापन गराइने।
- २०७० बैशाख १५ गते सम्म भर्ना निःशुल्क गरिने।
- Zhusuan Mental Math प्रयोगद्वारा विद्यार्थीहरुको Meomory
- Power एवं पढाइको स्तर अझ उच्च बनाउने।
- Computer कक्षा
- Internet को व्यवस्था

नोटः कक्षा १ देखि कक्षा ८ सम्म विभिन्न छात्रवृत्तिको व्यवस्था गरिएको हुँदा, सो का लागि स्कुल प्रशासनमा सम्पर्क राख्नु होला। धन्यवाद।

**सम्पर्क**
KEBS
Tyangla, Kirtipur
984952978
4332714

Do you wanna have a
Stylish & Unique
TATTOO
Just wish and your
design sample is ready.




•Graphic Design
•Photo Editing (B/W to color, Modify)
•Banner / Flex board Design
•Computer Maintenance
•Data recovery from Damage PC / Hard Drives / Pen Drives
•Dvd Movies (Haire & Sale)
•New Movies @ MP4 & 3gb also
.Cyber
•Net Phone
•Fax
•Scan
•Sketch Art
•Logo Design

Consult: CREATIVE HAND Cyber
Opt.Valley Institute, Near Kirtipur Gate
Nikhasi tole-3,Kirtipur.ph. 9721284970

# नेपालका बुँख्याचाहरू

'बु' माने नेपाल भाषाबाट खेत भन्ने बुझिन्छ । 'ख्याचा' भन्नाले ख्याक अर्थात राति राति तर्साउने प्रेत भन्ने बुझिन्छ । खेतमा लगाएका अन्नवाली चराचुरुङ्गीहरूलाई डरत्रास देखाई आफ्नो अन्नवाली सुरक्षित बनाउन यसको प्रयोग किसानहरूले गर्ने गरेका छन् ।

यस्तै देशमा जनताहरूलाई तर्साइ शासन व्यवस्था चलाउन असफल चार राजनैतिक दलका नेताहरूले बिदेशमा तयारी अवस्थामा बनेका थरीथरीका बुँख्याचाहरू अब देशरुपी खेतका मैदानमा, कान्लाकान्लामा प्रर्दशनी गर्न थालेका छन् । जसमा बिभिन्न रंग लगाईएका ख्याकहरू विराजमान गराएका छन् जस्तै काला, खैरो, पहेलो तथा पहेलो निख्खर कालाकालारुपी ख्याकहरू जसलाई बिभिन्न पदहरूको नामाङ्कन गरी कार्य बिभाजन समेत गरीराखेको छ । जस्तै चुनावी मन्त्री परिषदका अध्यक्ष, बिभिन्न मन्त्रालयहरू, अख्तियार दुरुपयोग अनुसंन्धान आयोग, निर्वाचन आयोग आदि आदि । यसमा पनि अहिले पहेंलो निख्खर कालो रंगको कपडाले बेरिएका बुख्याचा हुन लोकमान सिं कार्की, जो आफु भंसार बिभागको प्रमुख पदमा रहदा ७२ लाखको कालो सुनलाई सेतो बनाई आफु एक्लैले कुम्ल्याउन सफलिभूत भएका थिए । अझ ०६२।०६३ को जनआन्दोलन ताका शाही सरकार का अगुवा भई २१ जना नेपाली जनताका सर्वोत्तम छोराछोरी– हरूलाई शहिद बनाउनमा उच्च मेहनतका साथ काम गरेका व्यक्ति समेत हुन् । क्यावात् प्रचण्ड तथा बाबुराम कामरेडहरू जजस्ले नेपाली जनताको आन्दोलनमा दवाएर सहिद बनाए ऊनीहरूलाई मुद्दा चलाएर जेल पठाउनुको सट्टा पुरस्कार स्वरुप बिगतमा अख्तियारले डामेका व्यक्तिलाई नै अख्यिार दुरुपयोग कै प्रमुख पदमा नियुक्ति गर्नुले अब नेपालमा भ्रष्टाचारीहरूलाई अझ स्वर्गको राज्य बनाउने कुरामा ढुक्क भएर बसे हुन्छ भने माओबादी जनसेनाहरूको भत्ता बापतको अरबौं पैसाको लेखाजोखा हरहिसाव समेत नगरी खिलराज रेग्मीले आफ्ना ख्वामितहरूलाई कानूनी रुपमा नै चोख्याउने भए । एउटा धन्यवाद दिंदा अर्को एउटा महत्वपूर्ण धन्यवाद पनि यहि मौकामा दिए राम्रै होला ।

माओवादी १० बर्षे जनयुद्धताका बेपत्ता पारिएका ४९ जना आफ्ना होनहार कार्यकर्ताहरूको हत्याका भाईनाईके कर्नेल राजु बस्नेतलाई पनि भारी पुरस्कार स्वरुप



रमेश कुमार महर्जन

हालसालै जनता कार्यकर्ता तथा मानव अधिकारीवादीहरूको बिरोधको सामना गर्दै उच्च मुल्याङ्कन सहित पदोन्नति गरे । निश्चितै रुपमा, यस कार्यको लागि यो पक्तिकारले पनि यी दुई घ्वाँक घ्वाँक नेताहरूलाई उच्च मुल्याकन गरी अवल दर्जाको राजनैतिक मठाधीश पदमा पदोन्नति गरे कसो होला ।

हालैका दिनमा, देश सिक्किमीकरण या फिजिकरणको दिशा तर्फ उन्मुख भएको आभाश पाईएको छ । भारतीय बिस्तार वादको २० बर्षे अभियान अन्तर्गत नेपाललाई भारतको एक प्रान्त बनाउनको लागि उनले पहिलो कार्डका रुपमा नेपालमा राजनैतिक दलहरूलाई मिल्नै नदिने अनि राजनैतिक नियुक्ति सरकार चलाउनको लागि असफल राजनैतिक दलको बिकल्पमा गैर राजनैतिक न्यायपालिकाका प्रमुखहरूको प्रयोग गर्नु रहेको छ भने दोश्रो कार्डको रुपमा एमाओवादीको हेटौंडामा सम्पन्न महाधिवेशनमा कामरेड प्रचण्डले सिंहनांदका साथ उद्घोष गरी राष्ट्रियताको सवालमा नेपाली जनताहरूले कुरा गर्ने हो भने जनमत संग्रहमा जानु पर्दछ भन्नुले अब भारतीय बिस्तारवादका ईशारामा प्रचण्डले राष्ट्रियताको मुद्दामा समेत आत्मसर्मपण गरेको ठहर्दछ कि ठहरिदैन जनताहरूले मुल्याकंन गरिनु पर्दछ । बिप्पा (BIPPA), एयरपोर्ट, माथिल्लो कर्णाली, माथिल्लो मर्स्याङदी, अरुण तेस्रो, कोशी उच्च बाँध आदिआदिका नाममा नेपालका अब्वलदर्जाका बुद्धिजिवी भनिने निवर्तमान प्रधानमन्त्री बाबुरामले भारत प्रभुलाई खुशी पार्न किस्तिमा राखी चढाईसके पश्चात अव अरु राजनैतिक नेता भन्नेहरूले पनि सजिलै बुझ्न थालिसके कि भारत प्रभुको ईच्छा अनुसार चलेन भने प्रधानमन्त्री, मन्त्री बन्न पनि नपाउने, उनको ईच्छा अनुसार चल्यो भने सरकार पनि अकण्टक चलाउन पाईने, वाह गणतन्त्र नेपालका मठाधिशहरू, हजुरहरूको महिमा हजार जिब्रा भएका शेषनागले त बुझ्न सकेन् भने हामी जस्ता निम्छरा जनताहरूले के बुझिसक्नु छ र ? ।

नेपालका केही मधेशबादी दलका भुकाई बिलकूल भारतीय जिब्रोसंग ठ्याक्कै मिल्छ, किनभने यो देशका आदिवासीहरूको भाषा - मैथिली, अवधी, भोजपुरी जस्ता समृद्ध मातृभाषी हुन् जसलाई पैतालाले बलपुर्वक कुल्चि निवर्तमान संसद भित्रै हिन्दी भाषामा( मै मै, तुतु भनि वकालत गर्दै आउनुले तथा हाल निर्वाचन सरकार बनाउनु अगाडी तराईमा यति लाख ऊति लाख नागरिकता बांड्नु पर्ने भन्ने आग्रहपूर्वाग्रहले समेत ऊनीहरूको नियत माथि 'दाल मे कुछ काला हैं' भन्ने उक्तिले सार्थकता पाउँछ । एमाओवादीका नेताहरूले जनताको पक्षमा सरकारमा बसे पनि नबसे पनि जनताका मुल एजेण्डा– क्रान्तिकारी भुमिसुधार लागु गर्ने, उद्योगधन्दा, सामाजिक सुरक्षा, स्वदेश मै रोजगारको श्रृजना गर्ने, मैनबत्ति बालि रात खोज्न बाध्य जनताहरूलाई राहत दिने, भारतसंग भएका सन् १९५० का असमान सन्धीको खारेज गरी समय सापेक्ष समानताको आधार मा संधि गर्ने, सिमा मिचाईको बिरोध आदिको मुद्धा उठान गर्नलाई कुनचाहि माखाले छेकेको छ र ?

अव देशमा चुनाव गर्नु पर्यो रे, केको लागि चुनाव हो जनताहरूलाई यी ४ खुट्टे दलहरूले बुझाई दिनु पर्यो नि । एमाओवादीका नेताहरूले अव पनि पहिचान रहितको संविधान बनाउनको लागि जनतासंग भोट माग्न जाने कि अथवा जातिय स्वशासन सहितको पहिचान समेतको संविधान बनाउन भोट माग्न जाने हो, जवाफ चाहियो । दोश्रो, निवर्तमान संविधान सभामा जातिय पहिचान सहितको सविधानको लागि दुई तिहाई मत पुग्दा पनि एमाओवादी लगायतका दलहरूले संविधान सभाको हलमा समेत प्रवेश नगरी, सिंहदरवार तथा नेताहरूको घर कोठाकोठा बैठकमा बसी, चियाचुस्कीमा रम्दै, मध्यरातमा संविधानसभाको गला किन रेटियो, यसको पनि जनताहरूलाई स्पष्ट जवाफ चाहियो नत्र... ।

भारत, युरोप युनियन, अमेरि कासंग घाँटी जोड्ने, राष्ट्रपतिलाई तर्साउने, नेपाली सेनाको चाकडी गर्ने, कार्यपालिका, व्यवस्थापिका, तथा न्यायपालिकामा राजनैतिक हस्तक्षेप गर्दै, भविष्यमा समेत अकण्टक शासन सत्ता टिकाउने दाउमा लागि परेकोले अवका दिनमा नेपाली जनताहरूको मुक्तिको लागि, देशको राष्ट्रिय स्वाधिनता तथा राष्ट्रिय अखण्डता जोगाउदै, अग्रगामी परिवर्तनको लागि यो देशका सच्चा क्रान्तिकार ी शक्तिहरू, सच्चा माओवादी क्रान्तिकारीहरू, देशभक्तहरू,वामपन्थी बुद्धिजिवी, तथा जनताहरूको काधमा ठुलो जिम्मेवारी आएको छ ।

# साँचो विकासको लागि साझा नीति र योजनाको खाँचो



सुवर्ण महर्जन
नगाउँ, कीर्तिपुर-१६

विकास त्यो हो जसले हरेक मानिसको आधारभूत आवश्यकताका साथै इच्छा चाहनालाई सम्बोधन गर्छ । तर मानिसको आधारभूत आवश्यकता र चाहना समय क्रममा फराकिलो हुँदै जान्छ । मानिसको चाहनाका पनि गति हुन्छ, मानिसको बदलिंदो चाहनालाई सम्बोधन गर्न विकास सँधै गतिशील हुनुपर्छ । विकासको गति मानिसका आकांक्षाको गतिभन्दा कम भए, अनेकन समस्या देखिन थाल्छ । यस्तै भएको छ देशमा, स्थानीय स्रोत साधनको नविन ढंगले प्रयोग गरी बढ्दो जनसंख्या र घट्दो उर्वरा शक्ति बीच तादात्म्यता राख्नु आजको विकासको आवश्यकता हो । राज्यले हरेक क्षेत्रमा स्थानीय उत्पादन बढाउनुका साथै त्यसको विनिमयको व्यवस्थापन र सबैको कार्यशक्ति बृद्धि गर्नुपर्छ । यस्तो विकासले नै आम मानिसको आहार, शिक्षा, स्वास्थ्यको आवश्यकता पूर्ति र रोजगारीको अवसर सृजना गर्छ ।

भौगोलिक विकटता ( देशको भौगोलिक विकासमा चुनौती बनेको छ । तर भौगोलिक विकटताले जैविक विविधता पनि दिएको छ । जैविक विविधताले अनेकन सम्भावनालाई उजागर गरेको छ । त्यो सम्भावना पहिल्याउने र प्रयोगमा ल्याउने विकासको योजनाबद्ध खाका र त्यो अनुरुप नीतिको खाँचो छ । त्यसको लागि स्थिर सरकार भए राम्रो, निर्दलीय व्यवस्थामा होस् वा लोकतान्त्रिक पद्धतिमा नेपालमा सर कारहरूले कहिल्यै स्थायित्व पाएनन् । कुनै लोकतान्त्रिक सरकारले पूरा कार्यकाल काम गर्न पाएन ।

विकासको गति सुस्त हुनुमा अस्थिर सरकारलाई अगाडि सारि न्छ । तर वास्तवमा स्थायित्व भन्दा पनि खाँचो सर्वस्वीकार्य विकासे नीतिको हो । समग्रमा प्राथमिकता र योजनाको अभाव हो । सरकार त नेपालमा भन्दा छिटो जापानमा फेरि एको छ । तर त्यसले जापानको विकासको गति रोकिएको छैन । त्यसैले अब विकासको त्यस्तो नीति अवलम्बन गर्नु जरुरी छ, जसले नेतालाई विकासमा राजनीति हैन विकासको राजनीति गर्न बाध्य गर ाओस् । समाज विभिन्न दर्शनमा विभाजित छ तर समाजको चाहना सँधै एउटै छ, समृद्धि । तसर्थ र ाजनीतिलाई दर्शनमा विभाजित गर ाउने भन्दा पनि समाजको आवश्यकतामा एकीकृत गराउनु पर्छ । त्यसको समय सीमासहितको विभिन्न योजनाको खाका पनि कोरि नु पर्छ । यो किन पनि आवश्यक छ भने विकासको सैद्धान्तिक परिभाषा एउटै भए पनि यसका व्यवहारिक पक्षहरू एकै हुन्नन् । विकासको काम वा प्रक्रियालाई भौगोलिक स्थितिसँगै स्थानीयको चेतना स्तरले पनि प्रभाव पार्छ । तसर्थ भिन्न भिन्न स्थानलाई भिन्न भिन्न विकासको मोडेल वा सूत्र चाहिन्छ । फरक कार्य तालिका र योजना चाहिन्छ । तर उद्देश्य भने स्थानीय स्रोत साधन र सम्पदाको अधिकतम प्रयोग गर्ने नै हुनुपर्छ । ती प्रयोगले जीविकोपार्जन तथा आय आर्जनको बाटो खोल्नै पर्छ । उदाहरणको रुपमा, पूर्वी पहाड र कर्णाली अञ्चलको वस्तुस्थिति र सम्भावना फरकफरक छ । कर्णालीको योजनामा स्याउ उत्पादन र यार्सागुम्बा संकलनमा जोड दिनुपर्छ भने पूर्वी पहाडमा अलैंची र चिर ईतोको खेतीमा जोड दिनुपर्छ । पर्यटककै सवालमा पनि कर्णालीमा राराको आकर्षण बढाउनु पर्छ भने पूर्वमा कञ्चनजंघालाई प्राथमिकतामा राख्नु पर्छ । कहिले काहीं विकासले व्यक्तिमा विलाशिताको सपना जन्माउँछ । ती सपना आवश्यकता वा प्रतिष्ठामा बदलिन्छन् । समृद्धिको शिखरमा जीवन बाँचिरहेका अमेरि की तथा युरोपेलीहरू विज्ञानले निर्माण गरेका प्रविधि तथा विलाशिताका सामाग्री प्रति मोह राख्छन् । यी नै अमेरिकी तथा युरोपेलीहरूको सपना १०० वर्ष अगाडि भिन्नै थिए । अर्थात समाजको आवश्यकताले विकासको सूचक निर्धारण गर्ने हो । प्रगतिले समाजको आवश्यकता पनि बढाउँछ । हाम्रो देशका कमैले मात्र आजका युरोपेली तथा अमेरिकीको जस्तो समृद्ध जीवनको चाहना राख्छन् । धेरैको चाहना शिक्षा, स्वास्थ्य, र ोजगारीसँगै जोडिएको छ । अझ कति भेगका मान्छे त भोकमरीको चपेटामा छन् । धेरैको संख्यामा कमजोर जीवन स्तर बाँचिरहेको प्रति लक्षित योजना बन्नु पर्छ । सबै भेगमा यातायात, बिजुली विस्तार, स्थानीय उत्पादनको बढोत्तरी र त्यसबाट गाँस, बास, कपास साथै शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चितता नै हाम्रो विकासले समेट्ने कुरा हुन् । अहिलेको बिन्दुबाट हेर्दा नेपाल र नेपालीको लागि यी काम भए विकास भएको ठहरिन्छ ।

विकास र बातावरणको सम्बन्ध जहिले पनि विपरित हुन्छ । कसरी कम भन्दा कम वातावरणीय क्षतिमा अधिक विकास गर्न सकिन्छ । हाम्रो योजना र प्रयास त्यसतिर लक्षीत हुनुपर्छ । एक्काइसौं शताब्दीमा विकासको कुनै पनि काम मान्छेले मात्र सम्पन्न गर्न सक्दैन । आधुनिक प्रविधि र यन्त्रलाई मानव शक्तिको सहयोगीको रुपमा प्रयोग गर्नै पर्छ । आधुनिक यन्त्रको प्रयोगले आवश्यकता भन्दा बढी जमिनमा हलचल ल्याउन सक्छ । त्यसले विनास पनि निम्त्याउन सक्छ । साथै त्यस्ता प्रविधि तथा यन्त्रको प्रयोग गर्दा पेट्रोल, डिजेल जस्तो खनिज इन्धनको अत्याधुनिक खपत हुन्छ । खनिज इन्धनको अत्याधुनिक खपतले वायुमण्डलमा असर पार्छ । त्यसै कारण जलवायु परिवर्तन भई तापक्रम बढ्छ र बढिरहेको पनि छ । तापक्रम बृद्धिले देशको पहिचान र सम्पदाको रुपमा रहेको हिमालको सुन्दरतामा ह्रास आउन थालेको छ । मौसम परिवर्तन भई जीवनयापन तथा खेतीपातीको काममा असर पर ेको छ । पृथ्वीको तापक्रमलाई स्थिर राख्न बनजंगल बचाउन र बढी भन्दा बढी हरियाली कायम गर्नु जरुरी छ । साथै ठूलाठूला निकुञ्ज र जंगल मास्ने योजनाहरू कम गर्नु पर्छ ।

माथि उल्लेखित काम गर्नलाई समुचित, सन्तुलित र योजनाबद्ध विकासको खाका चाहिन्छ । तर आजसम्मका धेरै योजना हचुवाको भरमा बनेका छन् । विकासको क्रममा स्थानीय भूगोलको स्थिति र स्थानीयबासीको भावना कमै बुझ्ने गरिएको छ । साथै स्रोतलाई सामान वितरण गर्नुको सट्टा पहुँचवालाकोमा थुपारिन्छ । यसले विकासको काममा समतामूलक र लोकतान्त्रिक विधिलाई अंगीकार गरिएको छैन भन्ने देखाउँछ । विकासको योजना विज्ञले नै बनाउनु पर्छ तर स्थानीय अनुभव र भावनालाई उपेक्षा गर्नु हुँदैन । जो जहाँ वर्षौंदेखि बसिरहेका छन् त्यो ठाउँमा उनीहरूकै अनुभवलाई उपेक्षा गरेर गरिएको विकास दिगो नहुनु र त्यसले उनीहरूको भावना र आवश्यकतालाई नसमेट्न पनि सक्छ । तसर्थ कुनै पनि विकासको योजना बनाउँदा स्थानीयको अनुभव र भावना समेट्नु जरुरी छ । जन सहभागिता बनेका योजना तथा नीति दिगो र प्रभावकारी रुपले लागू हुन्छन् । जसले विकासको गतिलाई द्रुत बनाउँछ र समृद्धिको सपनालाई साकार बनाउन मद्दत गर्छ ।

देश विकासको निम्ति प्रसस्त छलफल भईरहेका छन् । यस्ता छलफल स्थान विशेषको भेला तथा सभामा मात्र हैन सामाजिक सञ्जाल वा त्यस्ता छलफल र बहसबाट आएका विकासका विविध विचार वा खाका कोरिनु जरुरी छ ।

क्रमिक सुधार गरेर नेपालीको जीवनशैली समृद्ध बनाओस् विकासले यसको लागि योजना ग्रामीण क्षेत्रमा बढी भन्दा बढी केन्द्रित हुनुपर्छ । प्रयोगमा नआएको स्रोत साधनलाई स्थानीयको आय आर्जनको माध्यम बनाउनु पर्छ । जसको लागि आस्थामा विभाजित नभई साझा धारणा बनाउन सक्ने फराकिलो सोचको विकास गर्नुपर्छ । फराकिलो सोचको विकास नभई समृद्ध नेपाल हुँदैन ।

# थुनुवाको डायरी–६५




## २०६७/०९/२० मंगलवार ४ जनवरी २०११

### नब्बे दिन

बाहिर मानिसहरू कालकुल कराएको आवाजले मेरो निद्रा खुल्यो । जुरुक्क उठें । घडी हेरें ५.४५ बजेको छ । मलाई पिशाव लागेको छ । पिशाव गर्न जाउँ भनेको चेकिंग आउने समय भयो भनेर बाहिर पठाएन । मुश्किलले थामेर बसें । ६ बजे नम्बर खुल्यो । पिशाव गरें । मुख धोएर आएँ । योभन्दा पहिले राती १ बजे मेरो निद्रा खुलेको थियो । दिसा पिशाव गरेर आएँ । निद्रा लागेन । उपन्यास लेख्न मन लाग्यो । उपन्यास लेखिरहेको थिएँ । २ बजे भ्याप्प बत्ती निभ्यो अनि म सुतें । अनि एकैचोटि अहिले बिउँझेको हुँ ।

आज बाहिर त्यति चीसो थिएन । कारखानाको जस्तापातामा अस्तिको जस्तो शीत तप्केको आवाज आएको छैन । त्यति चीसो लागेको छैन । उपन्यास लेख्न थालें । ५.३० हुँदा मलाई लेख्न मन लागेन । एकछिन त्यतिकै आराम गरें । ६ बजे नम्बर खुल्यो । रेडियो लिएर बाहिर घुम्न गएँ । ७ बजे चिया खान गएँ । आज पनि राजेन्द्र भाइजी आउनु भएको छ । मुरली सुनें । ८.३० बजे बाहिर आएर एक कप कफी बनाएर खाँदै उपन्यास लेख्न थालें ।

१० बजे औषधी खान बाहिर गएँ । बाटोमा विकास थापासँग भेट भयो । आज ऊ जिल्ला अदालत जान लागेको छ । त्यहाँबाट अर्को पेशीको लागि तारिख बुझेपछि कारागारको नाममा पत्र पठाउँछ अनि मात्र उसले बाहिर जान पाउँछ ।

विकास कान्तिपुर दैनिक पत्रिकाको उपसंपादक भै काम गरिरहेको थियो । ऊ त्यहाँको कर्मचारी संघको अध्यक्ष पनि थियो । त्यहाँका कर्मचारीहरूले तलब बढाइ दिन अल्टिमेटम दिएको थियो । यही बीचमा उसकै अफिसमा काम गर्ने एउटी महिला कर्मचारीलाई उसको कम्प्यूटर बाट कसैले अश्लिल ईमेल गरि दिएछ । त्यसै आरोपमा विकासलाई गिरफ्तार गरेर मुद्दा चलाईदियो । पुर्पक्षको लागि थुनामा पठाई दियो । १७ नं.पुनरावेदनमा गयो । त्यहाँबाट पनि जिल्ला सदर गऱ्यो । सर्वोच्चमा गयो । त्यहाँ केटीको तर्फबाट ८ जना वकिलले वहस गरेका थिए । त्यस बीचमा उसको गाउँले भक्तपुर दुवाकोटका जनताले कान्तिपुर पब्लिकेशनको अफिसमा ज्ञापन पत्र दिए । पत्रकार महासंघमा जुलुस सहित गएर धर्ना दिए । पत्रकारहरूले पनि विज्ञप्ती जारी गऱ्यो । उसको पक्षमा पत्रिकाले लेख्यो । एफ.एम.ले समाचार दियो । यसरी सबैको सहयोगले उसले धरौटीमा छुट्न पायो ।

आज छोरा आउँछ कि भन्ने ठूलो आशा छ । बाह्रबजेदेखि छोरा आउने आशामा बसिरहेको थिएँ । १.३० बज्यो तैपनि आएन । होटलमा गएर एक कप चिया पिएँ । कोठामा आएर एकछिन के बसेको थिएँ माईकबाट मेरो नाम बोलायो । ल छोरा आयो होला भनेर ढोकामा गएको त पंचलाल महर्जन आएको रहेछ । उहाँसँग गफ भयो । म एमाले उहाँ माओवादी तर दुबैजना नेवाःको नाताले मलाई सहयोग गर्न दोडिरहनु भएको छ । एकजना नेवाःको नाताले नेवाः स्वायत्त राज्य मंकाः परिषदले विज्ञप्ती निकाल्ने भनेर गयो । उसको कुरा सुनेर मेरो मन अलि हलुका भयो ।

आज छोरा आएन । मलाई नरमाइलो लाग्यो । कोठामा आएर चना र चिउरा खाएँ । त्यसपछि कोठामा बस्नै मन लागेन । बाहिर घुमेर समय बिताएँ ।

समग्रमा आजको मेरो साँझ टेन्सनमा बित्यो ।

## २०६७/०९/२१ बुधवार ५ जनवरी २०११ एकानब्बे दिन

आज विहान ४.१५ बजे आँखा खुल्यो । बाहिर गएर ट्वाइलेट गएर मुख धोएर आएँ । इमान बमजमले कोठामै आएर मलाई तातो पानी दियो । तातो पानी एक गिलास पिएँ । डाँडामा गएर एउटा चुरोट सल्काएँ । चुरोटको धुवाँसँगै मेरो दिल दिमाग उड्न थाल्यो ।

पुनरावेदनले जिल्ला सदर गरेदेखि मेरो दिमाग गोलमाल भयो । म मानसिक तनावमा पर ें । पुनरावेदनबाट बाहिर निस्कन पाउने मेरो ठूलो आशा थियो । पुनरावेदनको फैसलापछि मेरो आशा निराशामा परिणत भयो । अब म कहिले निस्कन पाउने हो ठेगान छैन । मलाई कति जेल सजाय हुने हो त्यो पनि थाहा छैन । अब मैले जिउँदो लाश भै यहाँ जिउनु पर्छ । म जिउँदो लाश हुँ । भद्रवन्दी गृहमा गाडिएको फगत म जिउँदो लाश हुँ । मलाई गाडिएको यस खाल्डोबाट म बाहिर निस्कन पाउँदिन । मेरो मुखबाट स्वर निस्कन्छ तर बाहिर काले त्यो स्वर सुन्न सक्दैन । म रुन्छु तर मेरो आँसु पुछिदिने कोही छैन । कस्तो मेरो जीवन आज कस्तो भयो । विना दोषको कैदी भएर बाँचिरहनु परेको छ । त्यो पनि अरूले गरेर होइन । जसलाई मैले आफ्नै सन्तानसरि माया गरें । अर्काको बच्चाहरूलाई आफ्नो ठानी पालें पोसें । कुकुर लाई घिउ नपचेको भनेझै उनीहरूले न मेरो जीवनको पर्वाह गरे न आफ्नै भविष्य हेरे । म त डुब्न लागेको घाम हुँ । उनीहरू त उडाउँडो सूर्य हुन ।

म कोठामा आएँ । पाँच बज्यो । भ्याप्प बत्ती लाइन गयो । कोठामा अध्यारो भयो । मैले इमर जेन्सी लाइट बालिन । पाँच मिनेटमै जेनेरेटर चलायो । कोठामा बत्ती बल्यो । हिजोदेखि हाम्रो कोठामा पनि जेनेरेटरको बत्ती बल्न थालेको थियो । बल्ब र तार किन्न भनेर हामीसँग जनही बीस रुपैया उठाएको थियो ।

६ बजे एक कप कफी पिएर उपन्यास लेख्न थालें । ६.३० बजे बाहिर घुम्न गएँ । ७ बजे चिया पिएर ओमशान्तिमा गएँ । आजको मुरलीमा हामीले अर्को २१ जन्म सुधार्न बाबाको यादमा रही सतोप्रधान हुनुपर्छ भनेको छ

ओमशान्तिबाट आएर फेरि उपन्यास लेख्न थालें । उपन्यास लेख्दालेख्दै मेरो आँखा धमिलो भएर आयो । रिंगटा लाग्यो । कहिं मेरो शरीरमा चीनिको मात्रा कम भयो कि ! अस्ति पनि यस्तै भएको थियो । म होटलमा गएँ । चीनिवाला चिया खाएँ । एकछिनमै मलाई सञ्चो भएकोजस्तो लाग्यो । आज होटलमा काउली चना तरकारी र अण्डा उसिनि राखेको थियो । मेरो पेट गोलमाल छ । त्यसैले खान मन लागेर पनि मैले खाइन ।

ठिक समयमा भात खान गएँ । आज भात पनि अलिकति मात्र खाएँ । खाना खाएर उपन्यास लेख्न थालें । हिजो छोरा आएन । आज त अवश्य आउँछ होला भन्ने मलाई विश्वास छ ।१२.१५ मा माईकबाट तीनचोटि मेरो नाम बोलायो । तीनचोटि नाम बोलाउनुको अर्थ हो मलाई भेट्न कोही आएको छ । पक्का पनि छोरा नै आएको होला भनेर ढोकामा गएँ । बाहिर हेरेको त साँच्चीकै रहेछ मेरो छोरा नै आएको छ । मेरो मन प्रफुल्लित भयो । भेटघाटस्थलमा गएर भेटें ।

"तिम्रो मभीको के हालखवर छ" मैले सोधें ।

"के हालखवर भनूँ डैडी, अस्ति १७ नं बाट पनि तपाईलाई छुटाउन नसकेपछि ममी रुनु भयो । धेरै रुनु भयो । खाते बच्चाहरूको संगत गरेर आज आफै लावार ीस हुनु भएको छ । हामी सबै हुँदाहुँदै केही गर्न सकेन भनेर र ोइरहनु हुन्छ । जति सम्झाए पनि मान्नु हुन्न ।" छोराको आँखामा आँसु टिलपिलाएको देखें ।

"के गर्ने छोरा, नारी कोमल मनको देवी हुन । मलाई पनि म छुट्छु भन्ने जति आशा थियो । उनलाई पनि त कत्रो आशा र भरोसा थियो होला । उनको आशा र भरोसामा तुषारापात भएपछि रुने त सामान्य हो । तिम्रो ममीलाई यहाँ पठाईदिनु म सम्झाई दिन्छु ।" मैले भनें ।

"हुन्छ म पठाई दिउँला ।" छोराले भन्यो ।

आज छोराले मलाई कापी, दतपेनको रिफिल ल्याई दिएको छ । पैसा पनि चाहिन्छ कि भनेर सोध्यो । भए दिएर जाउ भनेर पैसा दिएर गयो ।

१ बजे छोरासँग छुट्टिएर आएँ । छोरासँग भेट भएको दिन मेरो मन प्रफुल्लित हुन्छ । अनि मेरो हात सिर्जनातिर लम्किन्छ । कोठामा आएर 'जिन्दगीका डोबहरू' उपन्यास लेख्न थालें । उपन्यास लेख्दालेख्दै समय गएको चाले पाइन । यसो घडी हेरेको त ३ बजिसकेछ । म छक्क पर ें । ओहो ! आज त मैले पूरा दुईघण्टा लेखेछु । यस अवधिमा मलाई चिया चुरोट खाने तलतल लागेन । आँखा पनि दुखेन ।

आज छोराले खानेकुरा केही पनि ल्याएको छैन । मलाई भोक लाग्यो । चिउरासँग खाने के बनाएको छ हेर्न गएँ । आज चिकेन तास बनाएको रहेछ । आजसम्म मैले एकचोटि पनि खाएको छैन । एक प्लेट तास लिएर कोठामा आएँ । तास र चिउरा खाएँ । धार ा खाली भयो । कोठाका सहनाईके नाईके दाइहरू धारा खालीमा सामेल हुन गयो ।

४.४५ बजे बाहिर घुम्न गएँ । ५.१५ मा औषधी खाएर ५.४५ मा खाना खाएँ । जेनेरेटर ल्याएदेखि यहाँ लोडसेडिंग नै नभएकोजस्तो लाग्छ । जतातत उज्यालो छ । खाना खाएर कोठामा आएको त नम्बर रोलकल नै सकिएको छैन । त्यसैले बाहिर बसेर साथीहरूसँग गफ गरिरहें । सातबजे कोठामा आएँ । टी.भी. हेरेर बसें । ७.३० बजे ओमशान्तिमा गएँ । ८.१५ बजे कोठामा आएर उपन्यास लेख्न थालें । अरूहरू टी.भी. हेरिरहेका छन । मैले लेख्न थालेपछि कसैले पनि डिस्टर्व गर्दैन । १०.३० भयो । मलाई निन्द्रा लाग्यो । म सुतें ।

क्रमश.....


होटल, रेष्टुराँ तथा चियापसलमा
बालश्रम शोषण अन्त्य गरौं ।




सानो छ मान्छे, धेरै छ काम
धेरै छ पीडा, थोरै छ दाम

न स्वस्थ छ काम, न शिक्षाको घाम
न कहिले फुर्सद, न कहिले आराम

सस्तोमा सस्तो, यो मान्छेको जीवन
दासतामा बाँचेको, यो बालश्रम !

कसैले पनि बालबालिकालाई श्रमिकको रुपमा काममा लगाउनु हुँदैन । यदि बालबालिकालाई होटल, रेष्टुराँ लगायत जोखिमपूर्ण श्रममा लगाएमा १ वर्ष सम्म कैद वा पचास हजार रुपैयासम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

बाल हेल्पलाइन-नेपाल
१०९८ (दश-नौ-आठ)
Toll free No. 1098 (Ten-Nine-Eight)

CWIN JTUCC



Admission Open!!

Parents are heartily requested to admit their children in 'Play Group' from Falgun 20th 2069.

खुल्यो ! खुल्यो !! नयाँ भर्ना खुल्यो !!!

यही २०६९ फागुन २० गते देखि प्ले ग्रुप र नर्सरीमा मात्र नयाँ भर्ना खुल्यो ।



पांगा माध्यामिक विद्यालय
सहिदपथ, पांगा, कीर्तिपुर – ९, फोन ४३३००६९



संसारको जुनसुकै स्थानवाट पनि कीर्तिपुर सन्देश तपाई हेर्न सक्नुहुन्छ
http://kirtipursandesh.blogspot.com

तपाईको आफ्नै सन्देश
कीर्तिपुर सन्देश साप्ताहिक

## हैन त ? –निरज




# होली मेला

होली हो होली, २०६९ फागुनको होली पनि चैत १३ गते परेको छ। होली आफैमा रङ्ग छ्यापेर साथीभाइ दिदीबहिनी बीच माया र पिरतीको गीत गाएर खेल्ने रमाइलो पर्व हो। के बुढाबुढी, के केटाकेटी सबै रमाइलो गर्न होली खेल्ने गर्दछ। हुन त नेपाली राजनीतिमा पनि सधैं होली त भइरहेकै छ। कसैले रातो रङ्ग, कसैले निलो रङ्ग, कसैले पहेंलो रङ्ग छ्याप्ने काम त भएकै छ। अहिले संविधान सभाको होली शुरु हुन लागेको छ। यो होली शुरु गर्नको लागि पनि कामरेड प्रचण्डले निर्दलको प्रतिक पहेँलो रङ्गबाट न्यायालय प्रमुख खिलराज रेग्मीलाई दलेर अरू दलहरू विशेष गरी नेपाली काँग्रेस, नेकपा एमाले र मधेसी मोर्चालाई पनि रङ्गाएकै छ। हिजो पंचायत कालमा पहेंलो रङ्गदेखि कम्युनिष्ट, काङ्ग्रेस पनि बहुदल निलो रङ्गको प्रचारप्रसार गरी निलो रङ्ग छ्याप्दै हिडेका थिए। तर कहिले निलो रङ्ग पनि काम लागेन भन्दै विशेष गरी माओवादको नाउँमा रातो रङ्गलाई देशभर रङ्गाएका थियो। कयौं मान्छेको रातो रगत बगेको थियो। आज पंचायतको पहेलो रङ्ग हुँदै निलो बहुदलबाट अव गणतन्त्रको अन्तरिम कालमा फेरि उही दलहरू मिलेर पंचायतको वा राजा ज्ञानेन्द्रको पाराले निर्दलको प्रतीकको रुपमा दलबाहिरबाट मन्त्री परिषदलाई पहेलो रङ्गले पोतिएको छ। हाई हाइ होली। अव होलीमा पहेलो , निलो र रातो मात्र हैन बहुरङ्गी प्रयोग हुने त स्वभाविकै भयो। हुन त विभिन्न दलहरूको झण्डाहरू एकै ठाउँमा राख्ने हो भने होलीको रङ्गभन्दा कम हुने छैन।



**ब्यंग सन्देश**

सरद कुमार महर्जन

होली भनेको ख्यालठट्टा गर्ने, शत्रुताबीच मित्रतामा परिणत गर्ने महत्वपूर्ण चाड हो तर पनि यहाँ होलीको जस्तो मित्रतापूर्ण संविधान संभाको चुनाव हुन्छ हुँदैन  थाहा छैन। किन कि अव खिलराज रेग्मीको चुनावको दुई किनार मध्ये एक किनारमा चुनाव गर्ने दलहरू र अर्को किनारमा चुनावी बहिस्कारको दलहरू बसेका छन्। होलीमा पनि दुई समुहमा बनाइ अविरहरू छ्याप्ने गर जस्तै एक किनारमा चुनाव गर्ने दलहरू अर्को किनारमा चुनाव नगराउने दलहरूबीच जनताले को सँग होली खेल्छन् हेर्न बाकी छ। जनतालाई त चुनाव हुनु पनि पर्दछ। ताकि जनतालाई अव आफुलाई मन पर्ने व्यक्ति र दललाई चुन्न पाइयोस् र जनतालाई चुनाव नभए पनि हुन्छ, किन कि चुनावको नाउँमा उही दल उही व्यक्तिहरूले शासन गर्न आउने हो। चुनाव भयो, महगी बढने, चन्दा आतंक बढने, असुरक्षा हुने, द्वन्द बढ्ने गर्दछ। घर घरमा व्यक्ति व्यक्तिमा, समुह समुहमा, दलहरूमा पनि झगडा बढ्ने गर्दछ। अतः नेपालीमा होलीको यो अवसरमा कुनै पनि काम, कार्यक्रम, आन्दोलन सत्रुतापूर्ण हैन मित्रतापूर्ण गर्न सकोस्। होलीको मेला जस्तै नेपाली जनताको मेला एउटै होस्। चुनाव गर्ने र नगर्ने नाउँमा छुट्टाछुट्टै भेला नहोस्  र नेपाली जनताको भेल एकातिर मात्र बगोस्। कि चुनावमा लागोस् कि सर्बदलीय गोलमेच सम्मेलन गरी समानुपातिक रुपमा सबैलाई सम्मान गर्ने सकोस्। हैन भने पंचायत फर्केको आभास मात्र हैन फेरि कसैको प्रत्यक्ष औपनिवेश भएको महसुस गर्न नपरोस्।

## आउनुहोस् मौकाको फाइदा उठाउनु होस्
## निःशुल्क डिजिटल थेरापी

–युरिक एसिडको दुखाइ चटक्कै निको पार्ने
–हात-खुट्टा, घुँडाको दुखाइ निको पार्ने
–ढाड, कम्मरको दुखाइ चटक्कै निको पार्ने
–झमझमाउने, मर्केको/सुन्निएको निको पार्ने
–नशा च्यापिइएको, जोर्नी दुखेको निको पार्ने
–प्रेसर तथा सुगरको कन्ट्रोल गराउने
-अस्वाभाविक मोटोपनाको बोसो घटाउने

सम्पर्कः फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग
फोन नं. ४३३६७०१, ९८०३५०२२५९
*नोटः यो विज्ञापन कटिङ्ग लिएर आउनेलाई १० प्रतिशत छुटको व्यवस्था छ।*

## संघीय समाजवादी पार्टी नेपालद्वारा आन्दोलन घोषणा

जातीय मुक्तिका लागि संघियता, वर्गीय मुक्तिका लागि समाजवाद भन्ने मूल नाराका साथ स्थापना भएको संघिय समाजवादी पार्टी, नेपालले पनि चार दलिय सिण्डिकेट अन्तर्गत गठन भएको मन्त्रिपरिषद विरुद्ध आन्दोलनमा उत्रेका छन।

चैत ८ गते प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाउने, चैत ९ गते चार दल वीच भएको ११ बुँदे सहमति जलाउने, चैत १० गते मोटरसाइकल ऱ्याली सम्पन्न गरिसकेको छ भने आउने चैत १८ गते आइतवार विहान ११बजेदेखि ११.३०बजेसम्म जिल्ला प्रशासन कार्यालय घेराउ गर्ने रहेको छ।

चैत १८ गते पछि आन्दोलनका दोस्रो कार्यक्रम तय गरिने छ।

**PUSHPASADAN BOARDING HIGH SCHOOL**

**KIRTIPUR, KATHMANDU**

NEW ADMISSION OPEN FOR THE YEAR 2070 B.S.

**for classes from Playgroup to Eight**
**(Dayscholars, Dayboarders or Boarders)**
**Bus facility available**

Contact immediately for admission forms.
(1st Entrance Test for Class 4 to 8 on 2069/12/18, i.e., 31st March 2013, at 10 a.m.)

**Contact :**
**Hour : 9 a.m. to 4 p.m.**
**Phone Nos. 4331827 or 4331917**

Principal
Pushpasadan B.H. School
Bahirigaun, Kirtipur

# ADMISSIONS OPEN

For the Academic Session 2070
Registration for classes Play Group to VII.
Form Distribution 8th Chaitra onwards.
Admission forms are available at office from 10:00 am to 3:00 pm.

**Entrance Exam on 24th, 31st Chaitra 2069.**

**Salient Features :**

- 90% distinction with 100 % results in S.L.C.
- Well Equipped Science Lab.
- Computer Lab with power back up.
- Library with Ample Books.
- Singing, Dancing, Music and Art classes.
- Transportation Facility.
- Audio - Visual classes.
- Special ECA classes for Drama, Vocal and Music.
- Hostel Facilities for Boarders and Day Boarders.

Contact :
CREATIVE ACADEMY
Nayabazar, Kirtipur, Kathmandu.
Tel : 4334123, 4336107